मिति : २०८३/०४/२७

कमरेड अध्यक्ष

नेपाल कम्युनिस्ट पार्टी (एमाले), केन्द्रीय कमिटी

केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

**विषय : विधानसम्मत बैठक बसी कमिटी प्रणालीमार्फत पार्टीलाई निकास दिने सम्बन्धमा।**

अध्यक्ष कमरेड,

उपरोक्त सम्बन्धमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) राष्ट्र, राष्ट्रियता, जनजीविका र जनअधिकारका सवाललाई केन्द्रमा राखी आफ्नो स्थापना कालदेखि नै देश र जनताको पक्षमा निरन्तर संघर्ष गर्दै आएको नेपालको कम्युनिस्ट आन्दोलनको मूल प्रवाह हो । पार्टीको गौरवमय इतिहासमा अनेकौं आरोह अवरोह र चुनौतीहरू आए । ती सबै परिस्थितिको सामना गर्दै लाखौं सदस्य, नेता कार्यकर्ता, शुभेच्छुक समर्थक तथा हजारौं योद्धाको त्याग, समर्पण र बलिदानबाट एमाले आजको अवस्थामा आइपुगेको हो ।

जननेता मदनकुमार भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद (जबज) लाई मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गर्दै नेकपा एमालेले पटक पटक जनताको विश्वास प्राप्त गरी सरकारको नेतृत्वसमेत गर्दै आएको सर्वविदितै छ ।

तर २०८२ फागुन २१ गते सम्पन्न निर्वाचनको परिणामले पार्टीले जनताको विश्वास गुमाउँदै गएको कठोर सन्देश दिएको छ । निर्वाचन परिणामको गम्भीर समीक्षा, पार्टीका कमजोरीको पहिचान, आवश्यक रूपान्तरण तथा पुनर्संरचनाको स्पष्ट खाका तयार गरी नेता कार्यकर्ता र जनताबीच जानुपर्ने अत्यन्त महत्वपूर्ण समयमा निर्वाचन सम्पन्न भएको करिब ६ महिना पुग्न लाग्दासमेत केन्द्रीय कमिटीको बैठक बस्न नसक्नु अत्यन्त गम्भीर र चिन्ताजनक विषय हो ।

निर्वाचनमा भएको पराजयको समीक्षा गरी त्यसबाट शिक्षा लिने, पार्टीलाई पुनर्जीवन दिने र जनतामा नयाँ आशा तथा विश्वास पैदा गर्ने दिशामा अघि बढ्नुपर्नेमा पार्टी निर्णय प्रक्रियामै लामो समयसम्म अन्योल देखिनुले पार्टी एकताबद्ध, सुदृढ र प्रभावकारी ढंगले अगाडि बढ्ने कुरामा गम्भीर आशंका उत्पन्न भएको छ ।

हाम्रा आफ्नै कमजोरी, बदलिदो भूराजनीतिक परिस्थिति तथा प्रविधि र एल्गोरिदमको प्रभाव समेत रहेको वर्तमान परिवेशमा फागुन २१ गतेको जनादेशबाट बनेको सरकार प्रति समेत जनतामा निराशा बढ्दै गएको देखिन्छ । सरकारका कतिपय अन्योलग्रस्त नीति र शासन सञ्चालनमा देखिएका अपरिपक्वताले राष्ट्रिय हित तथा राष्ट्रिय सुरक्षाका सवालमा चिन्ता बढाएको, छिमेकी तथा अन्तर्राष्ट्रिय सम्बन्ध थप जटिल बन्दै गएको र जनताको दैनिक जीवनसमेत थप कष्टकर बन्दै गएको अनुभूति व्यापक छ । यससँगै साम्प्रदायिकता, पृथकतावादी तथा प्रतिगामी प्रवृत्तिहरूले टाउको उठाउने जोखिमसमेत देखिन थालेको छ ।

यस्तो अवस्थामा जनतामा पुनः आशा, विश्वास र भरोसा जगाउनु तथा पार्टीका नेता कार्यकर्तामा थप साहस, ऊर्जा र आत्मविश्वास पैदा गर्नु नेकपा एमालेको प्रमुख दायित्व हो ।

निर्वाचनपश्चात लामो समयपछि बसेको पार्टी सचिवालय बैठकपछि २०८३ जेठ १५ गते अध्यक्ष कमरेड केपी शर्मा ओलीबाट हस्ताक्षर गरी जारी गरिएको अन्तरपार्टी निर्देशन–२ को बुँदा नं. ७ मा निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठनका लागि १६ सदस्यीय कार्यदल गठन गरी पार्टी शुद्धीकरण, सुदृढीकरण तथा रूपान्तरणसहित पार्टी पुनर्गठनको कार्ययोजना तयार गर्ने उल्लेख गरिएको छ। त्यस्तै बुँदा नं. १२ को विविधमा निर्वाचन समीक्षा कार्यदलको प्रतिवेदन प्राप्त हुनासाथ असार मसान्तसम्म केन्द्रीय कमिटीको बैठक बस्ने स्पष्ट रूपमा उल्लेख गरी सबै पार्टी कमिटीमा निर्देशन जारी गरिएको थियो ।

कार्यदलले जेठ ३० गतेदेखि असार २३ गतेसम्म सबै प्रदेशसहित १३ वटा क्लस्टरमा सुझाव संकलन गरेको र असार २५ गते बसेको कार्यदलको बैठकले संयोजक तथा सदस्य सचिवलाई प्रतिवेदन तयार गर्ने जिम्मेवारी प्रदान गरेको र सो बमोजिम प्रतिवेदन तयार भई सकेको भन्ने कुरा जानकारी सञ्चारमाध्यमबाट सार्वजनिक पनि भएको थियो। तर त्यसयता समेत लामो समयसम्म पार्टीका महत्वपूर्ण निकायको बैठक बस्न नसक्नु र निर्णय प्रक्रिया अघि नबढ्नुले पार्टी पंक्तिमा थप अन्योल र निराशा सिर्जना गरेको छ। स्थानीय तह र प्रदेशसभा निर्वाचन सम्मुखमा पार्टी अनिर्णयको बन्दी हुँदा कम्युनिस्ट आन्दोलन र नेकपा एमालेको लागि मात्र होइन देश र जनताको लागि पनि ठूलो क्षति हुने कुरा भविष्यमा पछुताएर केही हुँदैन, वर्तमानमा नै भविष्यको कुरा देख्न सक्नुपर्छ।

देश र जनताको पक्षमा स्थापना भएको, हजारौं योद्धाको रगत पसिना, त्याग र समर्पण तथा लाखौं जनता र कार्यकर्ताको संघर्ष र विश्वासबाट निर्माण भएको कम्युनिस्ट पार्टी यसरी अनिर्णयको बन्दी भएर बस्न मिल्छ ?

जनताको पार्टीले समयमै निर्णय गर्न नसक्नु भनेको जनताको थप विश्वास गुमाउँदै जानु पनि हो। त्यसैले अब ढिलाइ गर्ने होइन, विधानसम्मत ढंगले कमिटी प्रणालीलाई सक्रिय बनाउँदै सामूहिक छलफल, समीक्षा र निर्णयमार्फत पार्टीलाई निकास दिनु आवश्यक छ।

पार्टीले गठन गरेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलले विभिन्न स्थानमा गरेको सुझाव संकलनका क्रममा सार्वजनिक भएका विवरणहरू हेर्दा ठूलो संख्यामा नेता तथा कार्यकर्ताले पार्टीलाई यही अवस्था र शैलीमा अगाडि बढाउन नसकिने, पार्टीको व्यापक रूपान्तरण, पुनर्संरचना र पुनर्गठन आवश्यक रहेको धारणा राखेको देखिन्छ।

अतः पार्टीभित्र उठेका आवाज, नेता कार्यकर्ताका सुझाव तथा जनताको अपेक्षालाई गम्भीरतापूर्वक आत्मसात गर्दै अब तत्काल:

* निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको बैठक बसी प्रतिवेदन सचिवालय र केन्द्रिय कमिटीमा छलफल अध्ययन तथा सार्बजनिक गर्ने,

* केन्द्रीय सचिवालयको बैठक तत्काल बोलाउने,

* विधानसम्मत रूपमा केन्द्रीय कमिटीको बैठक अविलम्ब आयोजना गर्ने,

* निर्वाचनमा भएको पराजयको वस्तुनिष्ठ र निर्मम समीक्षा गर्ने,

* पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण र पुनर्संरचनाको स्पष्ट खाका निर्माण गर्ने,

* नेता कार्यकर्ताको मनोबल उठाउने र जनतासँगको सम्बन्ध पुनःस्थापित गर्ने,

* कमिटी प्रणाली, सामूहिक निर्णय र आन्तरिक लोकतन्त्रलाई प्रभावकारी बनाउने,

* पार्टीलाई नयाँ ऊर्जा, नयाँ कार्यशैली र नयाँ विश्वाससहित पुनर्गठित गर्ने दिशामा तत्काल ठोस

पहल गर्न नेकपा (एमाले) 'रूपान्तरण र पुनर्संरचनाका लागि पुनर्जागरण अभियान–२०८२' जोडदार माग गर्दछ।

हामी विश्वास गर्दछौं नेकपा एमालेको समस्या समाधान गर्ने बाटो पार्टी बाहिर होइन, पार्टी भित्रको विधानसम्मत, लोकतान्त्रिक र कमिटी प्रणालीमा आधारित सामूहिक छलफल, आत्मसमीक्षा र निर्णयबाटै सम्भव छ। आजको आवश्यकता व्यक्तिभन्दा पार्टी, पद भन्दा नीति, आग्रह भन्दा आत्मसमीक्षा र जडताभन्दा रूपान्तरण हो।

अब ढिला नगरी कमिटीको बैठक बोलाऔं र निर्मम समीक्षा गरौं।

कमजोरी स्वीकारौं, पार्टीलाई पुनर्गठित गरौं। जनताको विश्वास पुनः अर्जित गरौं।

**क्रान्तिकारी अभिवादनसहित।**

**नेकपा (एमाले) जिन्दाबाद !**
**जनताको बहुदलीय जनवाद जिन्दाबाद !**
**वीर शहीदहरू लाल सलाम !**

**नेकपा (एमाले) रूपान्तरण र पुनर्संरचनाका लागि**
**पुनर्जागरण अभियान–२०८२**